# सिम्रौनगढ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सिम्रौनगढ,बारा
मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०७८/०७९
चलानीनम्बर :- १३२२

मिति :-२०७९/०३/२७

**श्री सामाजिक विकास मन्त्रालय (मधेश प्रदेश, जनकपुरधाम, धनुषा)**
**श्री जिल्ला प्रशासन कार्यालय (कलैया उपमहानगरपालिका, बारा) ।**

**विषयः- पदपूर्ति सम्बन्धमा ।**

प्रस्तुत सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को मिति २०७९/०३/२२ च.नं./pmep/३६३ को पत्रानुसारको प्रकाशित सूचनाबमोजिम नै यस कार्यालयबाट पत्राचार गरिएको मिति देखि लागु हुने गरी स्थानीय तहमा रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड २०७८ को दफा ५ को उपदफा १ बमोजिम पदपूर्तिको सूचना तहाँको सूचना पाटी र वेभसाइटमा सूचना प्रकाशन गर्ने व्यवस्था भएकोले सो व्यवस्था मिलाई तहाँको सूचना पाटीमा सूचना टास गरी  जानकारी गराउनु हुन अनुरोध गरिन्छ ।

बोधार्थ :-
श्री ईलाका प्रशासन कार्यालय, सिम्रौनगढ, बारा

...............................

**हरिओम प्रसाद जयसवाल**
**प्रमुख प्रशासकीय अधिकृत**

श्री सूचना प्रविधि शाखाः- Website मा upload गरिदिनु हुन ।

## नेपाल सरकार
## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
## प्रधानमन्त्री रोजगार कार्यक्रम
### सिंहदरबार, काठमाडौ

# रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति :- २०७९/०३/२५)**

७५३ वटै गाउँपालिका/नगरपालिकाको रोजगार सेवा केन्द्रमा रोजगार सहायक १ (एक) पद खुला प्रतिस्पर्धाको माध्यमबाट करारको माध्यमबाट पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले स्थानीय तहले पदपूर्तिको सूचना प्रकाशन गरेको मितिले १५ दिन भित्र माग बमोजिमका विवरण र सम्वन्धित स्थानीय तहमा राजस्व बुझाएको रसिद सहित आफूले काम गर्न चाहेको गाउँपालिका तथा नगरपालिकाको कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १/२०७९-८० | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | प्रत्येक गाउँपालिका तथा नगरपालिकामा १/१ जना |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव :-**
   - क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको
   - ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाधेको
   - ग. आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको

२. **दरखास्त दिने स्थान :-** काम गर्न चाहेको सम्बन्धित गाउँ/नगर कार्यपालिकाको कार्यालय

३. **दरखास्त दिने अन्तिम मिति :-** स्थानीय तहले पदपूर्तिको सूचना प्रकाशन गरेको मितिले १५ दिन भित्र सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन ।

४. **आवेदनको दस्तुर :-** रु.५००/- (पाँच सय मात्र)

५. **छनौटको किसिम :-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा

६. **आवेदन साथ संलग्न कागजातहरु :-** आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु
   - क) नागरिकता
   - ख) न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
   - ग) चारित्रिक प्रमाण पत्र
   - घ) काम सँग सम्बन्धित अनुभव भए सोको कागजात
   - ङ) तालिमको प्रमाणपत्र
   - च) २ प्रति पासपोर्ट फोटो

७. **सेवा सुविधा तथा अन्य :-** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।

८. आवेदनको ढाँचा र रोजगार सहायक पदको पाठ्यक्रम लगायत पदपूर्ति सम्वन्धी अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको www.pmep.gov.np तथा सम्बन्धित स्थानीय तहको वेवसाइटबाट प्राप्त गर्न सकिने छ ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम

सिंहदरबार, काठमाण्डौं, नेपाल
फोन नं.: ४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http://pmep.gov.np

प.सं. २०७९/८०
च.नं. /pmep/ ३६२

मितिः२०७९/०३/२२

श्री गाउँ तथा नगर कार्यपालिकाको कार्यालय,
सबै ।
(मार्फतः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय)

विषयः पदपूर्ति सम्बन्धमा।

प्रस्तुत विषयमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्वीकृत अस्थायी दरबन्दीको रोजगार सहायकको पदपूर्ति गर्ने प्रयोजनका लागि मिति २०७८/१०/१८ मा **"स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति मापदण्ड २०७८"** स्वीकृत भै यस कार्यक्रमको वेव साइट www.pmep.gov.np मा उपलब्ध छ । पदपूर्ति सम्बन्धमा यस कार्यक्रमबाट मिति २०७९/०३/२५ को गोरखापत्रमा सूचना प्रकाशन गरिने व्यहोरा जानकारी गराइन्छ । अतः पदपूर्ति सम्बन्धमा त्यहाँबाट सार्वजनिक पत्रिकामा सूचना प्रकाशन गर्न नपर्ने तर मापदण्डको दफा ५ को उपदफा (१) बमोजिम सम्बन्धित पालिकाले पदपूर्तिको सूचना आफ्नो सूचनापाटी, वेव साईट वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय लगायतका निकायहरुमा सूचना प्रकाशन गर्ने व्यवस्था भएकोले सो व्यवस्था मिलाई पदपूर्ति प्रकृया अगाडि बढाउनु हुन आदेशानुसार अनुरोध छ ।

(उषा थपलिया (पाण्डे))
शाखा अधिकृत